# केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं

## "दण्डहिनता विरुद्ध CIB को अभियान"

महाराजगंज, काठमाडौं।
मिति २०७६/१०/१४ गते।

**बिषय**:- प्रेस विज्ञप्ती

**"वैकिङ्ग कसुर मुद्दाका कसुरदार पक्राऊ"**

मधु बुढाथोकीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजेन्द्र बुढाथोकी भएको वैकिङ्ग कसुर मुद्दामा उच्च अदालत,पाटनको मिति २०७६/०६/२८ गतेको फैसलाले का.जि. तारकेश्वर नगरपालिका वडा नं.-१ बस्ने वर्ष ५४ को राजेन्द्र बुढाथोकीलाई १५ (पन्ध्र) दिन कैद र रु.५,००,०००।–(पाँच लाख रुपैंया) जरिवाना हुने ठहर भएको र उल्लेखित सजाय वेरुजु रही लुकीछिपी बसेका निज कसुरदारलाई यस कार्यालयबाट खटिगएको टोलीले मिति २०७६/०९/१३ गते गोलढुङ्गा,काठमाडौबाट पक्राऊ गरी मिति २०७६/१०/१४ गते फैसला कार्यान्वयनको लागी काठमाण्डौं जिल्ला अदालत पेश गरेकोमा कैद भुक्तानको लागी केन्द्रीय कारागार,सुन्धारा चलान गरिएको छ।

प्रतिवादी राजेन्द्र बुढाथोकीले व्यवसायको लागी रकम आवश्यक पर्यो भनी मधु बुढाथोकीबाट रु ५,००,०००/- लगेकोमा निज पिडितले पटक-पटक माग्दा पनि आलटल गरी नदिएको र निज प्रतिवादीले बैंक अफ काठमान्डौं लि.मा आफ्नो खाताबाट भुक्तानी लिनु भनी चेक दिएको र सटही नभएपछि उक्त रकम दिलाई कानूनी कारवाही गरी पाऊँ भनी जाहेरी दिएका थिए।

**कसुरदारको विवरण:-**



**नाम:-** राजेन्द्र बुढाथोकी
**उमेर:** ५४ बर्ष
**ठेगाना:**- का.जि तारकेश्वर न.पा-१ घर भई हाल का.म.न.पा.२६
**मुद्दा:**- बैकिङ्ग कसुर
**जरिवाना:-**रु. ५,००,०००।-
**पक्राऊ मिति:-** २०७६/१०/१४ गते।

प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११